जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक २० २०८३ साल साउन २५ गते सोमबार (10 Aug 2026 Monday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : जकडिएका समस्याको नीतिगत... ३ पृष्ठमा : हरेक वर्ष कोशीको बाढी र ... ३ पृष्ठमा आङ सान सुकीको ...

# ब्रेन ट्यूमर रोग लागेकी खातुनको ज्यान जोगाउन चन्दा संकलन अभियान



सामाजिक अभियन्ता अनवर अलीका साथमा ब्रेनट्युमर रोग लागेकी सप्तरीको खडक नगरपालिका ४ अमहा टोलकी जलिफन खातुन । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २४ साउन ।**

आर्थिक अभावका कारण थप उपचार गराउन असमर्थ भएकी सप्तरीको खडक नगरपालिका ४ अमहा टोलकी जलिफन खातुनको ज्यान जोगाउन चन्दा संकलन अभियान चलाइएको छ ।

घरमा कमाउने कोही नभई बेसहारा जिवन बिताईरहेकी ५० बर्षीया भूमिहिन खातुनको श्रीमान्को ६ बर्ष अघि निधन भईसकेको छ । घरमा १० बर्षीय एकमात्र छोरा छन् । उनलाई अहिले ब्रेन ट्युमर रोग लागेको छ ।

पोखरी डिलमा रहेको एलानी जग्गामा फुसको एउटा सानो झुप्रो बनाई बसोबास गर्दै आएकी खातुनको दयनीय अवस्था हेरेर टोलकै केही व्यक्तिले १ लाख ५० हजार जति चन्दा उठाएर दुई महिना अघि विराटनगरमा प्रारम्भिक उपचार गराइ दिएका थिए ।

विराटनगरमा जाँचका क्रममा चिकित्सकले ब्रेन ट्युमर भएको तथा उपचारका लागि ६ लाख रुपैयाँ थप खर्च लाग्ने बताएपछि रकम अभावमा उपचारै नगरी उनी घर फर्किएकी छिन् ।

काठमाडौंमा भने ५ लाख रुपैयाँमा उपचार हुने गाउँका स्वास्थ्यकर्मीहरुले बताएको खातुनले सुनाईन ।

यसैबीच खातुनको ज्यान जोगाउन र नयाँ जिवनका लागि उपचार खर्च जुटाउन चन्दा संकलन अभियान थालिएको छ । सामाजिक अभियन्ता अनवर अलीको अगुवाईमा उपचार खर्च जुटाउन शुक्रबार देखि चन्दा संकलन अभियान थालिएको छ ।

आफुले समेत केही नगद सहयोग गरी सुरु गरेको "खातुन बचाउ, चन्दा संकलन अभियान" मा सबैको सहयोगबाट उपचार खर्च संकलन हुने र खातुनले नयाँ जिवन प्राप्त गर्ने विश्वास गरिएको सामाजिक अभियन्ता अलीले बताए ।

उपचारका लागि पैसाको खोजीमा भौतारिएकी खातुनलाई उपचार खर्चमा सहयोग गर्न उनले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दाजुभाई र दिदी-बहिनीलाई अपिल समेत गरेका छन् ।

# ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थसहित दुई जना प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**सिरहा, २४ साउन ।**

सिरहाको गोलबजार क्षेत्रबाट प्रहरीले दुई छुट्टाछुट्टै स्थानबाट प्रतिबन्धित औषधि र लागुऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थसहित दुई जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहा र इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले गोलबजार नगरपालिका वडा नं. ७, दुर्गा मन्दिर नजिकबाट १८ वर्षीय शिव प्रसाद राय कुर्मीलाई नियन्त्रणमा लिएको हो ।

सिरहाकै मिर्चैया नगरपालिका वडा नं. ८ निवासी कुर्मीलाई शंका लागि चेकजाँच गर्दा उनले बोकेको सेतो बोरा भित्र लुकाइराखेको यूओनेरेक्स-१ एमएलयु लेखिएको १३ बोतल प्रतिबन्धित औषधि र एक थान मोबाइल फेला परेको प्रहरीले जनाएको छ ।

त्यसैगरी, शुक्रबारराति गोलबजार नगरपालिका वडा नं. ८ पुरानो चोहर्वाबाट २३ वर्षीय जय कुमार नायक पक्राउ परेका छन् । गोलबजार नगरपालिका वडा नं. ६ निवासी नायक पैदल आउँदै गरेको अवस्थामा शंका लागि चेकजाँच गर्दा उनको साथबाट लागुऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ बरामद भएको हो ।

प्रहरीका अनुसार उक्त पदार्थ प्लाष्टिकसहित ६ ग्राम १४ मिलिग्राम र प्लाष्टिक बाहेक ४ ग्राम ५७ मिलिग्राम रहेको छ ।

पक्राउ परेका दुवै जनालाई हाल इलाका प्रहरी कार्यालय गोलबजारमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

# नियमित कोटाको रसायनिक मलको वितरण गरिँदै

जनकपुरधाम, २३ साउन (रासस) ।

कृषि सामग्री कम्पनी लिमिटेड, धनुषाले दोस्रो चरणमा नियमित कोटाको रासायनिक मल वितरण सुरु गरेको छ । धनुषा र महोत्तरीमा धान रोपाइँ अन्तिम चरणमा पुगेका बेला सो कार्यालयले नियमित कोटाको डिएपी र युरिया मलको वितरण सुरु गरेको हो ।

मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको यही साउन ११ गते निर्णयअनुसार धनुषाका लागि ९७९ मेट्रिक टन डिएपी र ९२६ मेट्रिक टन युरिया तथा महोत्तरीका लागि ९३१ मेट्रिक टन डिएपी र ८८० मेट्रिक टन युरिया वितरण सुरु गरिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिनुभयो ।

सूचना अधिकारी साहका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडको वीरगञ्जस्थित

*बाँकी अन्तिम पृष्ठमा*

# भ्रष्टाचारमा दोषी ठहर पूर्वमन्त्री गोविन्दराज जोशी जेल नबसी कैद भुक्तान



**दैनिक समाचारदाता**
**काठमाडौं, २४ साउन ।**

भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका पूर्वमन्त्री गोविन्दराज जोशी अब जेल बस्न नपर्ने भएको छ । सर्वोच्च अदालतले दुई वर्षअघि ९ महिना कैद र जरिवाना तोकेका जोशीलाई ज्येष्ठ नागरिकका लागि कानुनमा रहेको कैद छुटको व्यवस्था लागू हुने भएको हो ।

विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले शुक्रबार जोशीले दिएको कैद छुटसम्बन्धी निवेदनमा बहुमतबाट आदेश गरेको हो । जोशीले असार २४ गते ७५ वर्षमाथिका ज्येष्ठ नागरिकले पाउने कैद छुटको सुविधा माग गर्दै निवेदन दिएका थिए ।

कानुनी व्यवस्थाअनुसार ७५ वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकले कैद सजायमा ७५ प्रतिशतसम्म छुट पाउन सक्छन् । जोशीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानका क्रममा ३ महिना १७ दिन हिरासतमा बसेको उल्लेख गर्दै बाँकी कैद छुटको माग गरेका थिए ।

जोशीलाई कैद छुट दिन मिल्ने वा नमिल्ने विषयमा विशेष अदालतका न्यायाधीशबीच भने मतभेद देखिएको थियो । न्यायाधीश पौडेल र कोइरालाले

*बाँकी अन्तिम पृष्ठमा*

**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बालबालिकाको पढाईप्रति ध्यान दिऔं

अहिलेका बालबालिकाहरु पढाई भन्दा बढी डिजिटलप्रेमी भएका छन् । बुझ्ने उमेर भएपछि उनीहरु मोवाइल, टिभिमा बढी ध्यानकेन्द्रित हुने गरेका देखिन्छन् । सुरुमा अभिभावकहरुले बच्चालाई मोवाइल, टिभि हेर्न दिएर आफ्नो काम गर्न लाग्छन् । उनीहरु अभिभावकहरुबाट पाउनुपर्ने माया नपाउँदा एकहोरो भइरहेका हुन्छन् । जसकारण उनीहरुको यस्ता गतिविधीले पढाईमा समेत असर परिरहेको छ ।

आधुनिक युगका बालबालिकाहरु जन्मदै डिजिटल प्रविधिप्रति बढी आकर्षित भएको देखिन्छन् । यस्ता प्रवृतीले बालबालिकाहरु एकहोरो भइरहेका कुरालाई सबैले मनन् गर्नु जरुरी छ । यसका लागि विद्यालय पश्चात् घर फर्केपछि बालबालिकाप्रति अभिभावकहरु जिम्मेवार रुपमा प्रस्तुत हुनु आवश्यक छ ।

अभिभावकले घरमै पढाउन ध्यान दिननसक्नुले पनि उनीहरुको पढाईबाट रुची घट्नु स्वभाविकै हो । तसर्थ अभिभावकहरुले आफ्ना बालबालिकालाई पढाईमा बढी ध्यान केन्द्रित गराउनु सक्नु पर्छ । उनीहरुलाई कुनै पनि बहानामा एकहोरो छोड्नु हुदैन् ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# जकडिएका समस्याको नीतिगत समाधानमा व्यस्त शिक्षा मन्त्रालय

**सिबी अधिकारी**
काठमाडौं, २४ साउन (रासस) ।

शिक्षा तथा खेलकुद मन्त्रालयले लामो समयदेखि थाती रहेका शिक्षा र खेलकुद क्षेत्रका विवाद, माग र नीतिगत समस्यालाई वार्ता तथा संवादमार्फत समाधान गर्ने प्रयासलाई तीव्र बनाएको छ ।

शिक्षामन्त्री सस्मित पोखरेलले जिम्मेवारी सम्हालेदेखि नै शिक्षा क्षेत्रमा विद्यमान नीतिगत तथा प्रणालीगत समस्याको पहिचान गर्दै तिनको दीर्घकालीन समाधान खोज्ने पहल अघि बढाउनुभएको छ । व्यक्तिगत वा संस्थागत रूपमा आउने समस्याको तत्कालीन समाधानभन्दा नीतिगत रूपमा सम्बोधन गर्नुपर्ने मान्यताका साथ मन्त्रालयले सरोकारवालासँग छलफल र संवादलाई प्राथमिकता दिएको छ ।

पछिल्ला केही सातामा डा गोविन्द केसीको अनसन, इन्टर्न चिकित्सकको आन्दोलन, शैक्षिक परामर्श संस्था तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर कार्यक्रम सञ्चालन गरिरहेका कलेजका समस्यालगायत विषयमा नीतिगत समाधान खोज्ने काम अघि बढेको छ ।

**शिक्षा नियमावलीदेखि नयाँ शिक्षा ऐनसम्म**

शिक्षा नियमावलीको नवौं संशोधनमा रहेका समस्या समाधान गर्न शिक्षा (दसौं संशोधन) नियमावली, २०८३ ल्याइएको छ । शिक्षामन्त्रीले पदभार सम्हालेको १०० दिनभित्रै उक्त नियमावली ल्याइएको छ ।

दशकौं पुरानो शिक्षा ऐनलाई संशोधन गरी नयाँ ऐन ल्याउने तयारीसमेत भइरहेको छ । ऐनको मस्यौदा अहिले छलफलको क्रममा रहेको मन्त्रालयले जनाएको छ । यस अवधिमा विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन तथा नियमन) नियमावली, २०८३ तथा शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा ( सञ्चालन तथा व्यवस्थापन)सम्बन्धी नियमावलीलगायतका कानुनी तथा नीतिगत व्यवस्था अघि बढाइएको छ ।

मन्त्रालयले शिक्षा क्षेत्रमा रहेका समस्यालाई सम्बन्धित सरोकारवालासँग छलफल गरी सहमतिका आधारमा समाधान गर्ने प्रयासलाई निरन्तरता दिएको छ ।

**डा केसीसँग सात बुँदे सहमति**

पछिल्लोपटक सरकारले डा गोविन्द केसीसँग सात बुँदे सहमति गरेपछि उहाँले ११ दिनदेखि जारी अनसन अन्त्य गर्नुभएको थियो । साउन १३ गतेदेखि अनसनरत डा केसीसँग भएको सहमतिअनुसार कैलालीको गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा कम्तीमा ३०० शय्याको शिक्षण अस्पताल सञ्चालन गर्ने प्रक्रिया अघि बढाइएको मन्त्रालयले जनाएको छ ।

एमबीबीएसलगायत अन्य शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक प्राध्यापक, प्राविधिक जनशक्ति तथा पूर्वाधार व्यवस्थापनको कामसमेत सुरु भएको बताइएको छ । डा केसीसँगको सहमतिपछि मन्त्रालयले इन्टर्न चिकित्सकको आन्दोलन समाधानका लागि पनि सक्रिय पहल गरेको थियो । साउन २० गते मन्त्रीको निर्देशनमा चिकित्सा शिक्षा आयोगका उपाध्यक्षसहित मन्त्रालयको टोली आन्दोलनस्थल पुगेर आन्दोलनरत पक्षसँग प्रत्यक्ष संवाद गरेको थियो ।

त्यस्तै, साउन २१ गते मन्त्रालयले श्वेतपत्र सार्वजनिक गर्दै आन्दोलनरत चिकित्सकलाई वार्ता र संवादमार्फत समस्या समाधान गर्न अपिल गरेको थियो । त्यसको भोलिपल्ट साउन २२ गते अनसनरत डिल्ली हरिजनसँग पाँच बुंदे सहमति भएपछि उहाँले पनि अनसन अन्त्य गर्नुभएको थियो ।

**इन्टर्न चिकित्सकलाई ५० प्रतिशत निर्वाह भत्ताको प्रस्ताव**

सहमतिअनुसार एमबीबीएस, बीडीएसलगायत एकवर्षे इन्टर्नसीप कार्यक्रममा अध्ययनरत विद्यार्थीलाई स्वास्थ्य सेवाको आठौं तहको प्रारम्भिक तलब स्केलको ५० प्रतिशत बराबर निर्वाह भत्ता उपलब्ध गराउने विषयमा साउन २८ गते विस्तृत छलफल हुने भएको छ ।

उक्त छलफलमा शिक्षा तथा खेलकुद मन्त्रालय, चिकित्सा शिक्षा आयोग, विभिन्न विश्वविद्यालय, निजी मेडिकल तथा डेन्टल कलेजका प्रतिनिधि तथा आन्दोलनरत इन्टर्न चिकित्सक सहभागी हुनेछन् । छलफलबाट प्राप्त निष्कर्षलाई चिकित्सा शिक्षा आयोगको बैठकमा प्रस्तावका रूपमा प्रस्तुत गरिने सहमति भएको छ ।

त्यसैगरी राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम आयोगको बैठकमा 'स्टाइपेन्ड अभियान'का प्रतिनिधिलाई अनिवार्य रूपमा सहभागी गराउने विषयमा पनि सोही दिन छलफल गरिने भएको छ ।

इन्टर्न चिकित्सकको निर्वाह भत्तासम्बन्धी विषय भने केही महिनाअघिदेखि नै मन्त्रालयको प्राथमिकतामा रहेको थियो । वैशाख १ गते आन्दोलनरत पक्षले आफ्ना माग शिक्षामन्त्रीसमक्ष राखेपछि वैशाख ७ गते मन्त्रीको संयोजकत्वमा विश्वविद्यालयका उपकुलपति, चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष तथा अन्य सरोकारवालाको बैठक बसेको थियो ।

बैठकले सुझाव दिन कार्यदल गठन गरेको थियो । कार्यदलले वैशाख ३० गते बुझाएको प्रतिवेदनमा एमबीबीएस तथा बीडीएस इन्टर्नसीप चिकित्सा शिक्षाको अभिन्न अङ्ग भएकाले इन्टर्न चिकित्सकलाई स्वास्थ्य सेवाको आठौं तहका आवासीय चिकित्सकको प्रारम्भिक तलब स्केलको ५० प्रतिशतबराबर निर्वाह भत्ता उपलब्ध गराउन सिफारिस गरेको थियो ।

त्यसपछि चिकित्सा शिक्षा आयोगको २४औं बैठकले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को व्यवस्थाअनुसार आवश्यक निर्देशन दिने अधिकार आयोगका उपाध्यक्षलाई प्रत्यायोजन गरेको थियो । सोही आधारमा असार ४ गते सबै विश्वविद्यालयलाई प्रतिवेदन कार्यान्वयनका लागि परिपत्र पठाइएको मन्त्रालयले जनाएको छ ।

**विश्वविद्यालय सुधार प्राथमिकतामा**

मन्त्रालयले विश्वविद्यालय सुधारलाई पनि प्राथमिकतामा राखेर काम अगाडि बढाएको छ । विश्वविद्यालयका उपकुलपति तथा अन्य पदाधिकारीको नियुक्तिलाई पारदर्शी, निष्पक्ष र प्रतिस्पर्धामूलक बनाउने, उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने तथा शैक्षिक प्रशासनलाई थप उत्तरदायी बनाउने दिशामा काम भइरहेको मन्त्रालयको भनाइ छ ।

सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश-२०८३ मार्फत विभिन्न निकायका पदाधिकारी स्वतः पदमुक्त भएपछि केही समय काम प्रभावित भए पनि रिक्त पदपूर्तिका लागि नयाँ कार्यविधि बनाएर पारदर्शी र निष्पक्ष नियुक्ति प्रक्रिया अघि बढाइएको छ ।

त्रिभुवन विश्वविद्यालयमा उपकुलपति नियुक्त भए पनि शिक्षाध्यक्ष र रजिस्ट्रारलगायत अन्य पदाधिकारी नियुक्त हुन बाँकी छन् । काठमाडौं विश्वविद्यालयमा पनि पदाधिकारी छनोट प्रक्रिया जारी रहेकाले केही नीतिगत निर्णय कार्यान्वयनमा समय लाग्ने मन्त्रालयले स्पष्ट पारेको छ ।

**परीक्षा प्रणाली सुधार**

हालै सार्वजनिक भएको एमबीबीएस प्रथम वर्षको प्रश्नपत्र चुहावट प्रकरणमा मन्त्रालयले तत्काल हस्तक्षेप गरेको जनाएको छ । मन्त्रीको निर्देशनपछि सम्बन्धित निकायले २४ घण्टाभित्रै आरोपितलाई नियन्त्रणमा लिएर कानुनी प्रक्रियामा ल्याएको थियो । घटनापछि परीक्षा प्रणालीलाई थप सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाउने विषयमा गृहकार्य अघि बढाइएको बताइएको छ ।

यसैबीच विद्यार्थीले उठाएका एमबीबीएस कार्यक्रमको ब्यारियर प्रणाली, अतिरिक्त शुल्क फिर्ता तथा पारदर्शी शुल्क निर्धारणलगायतका विषयमा

*बाँकी अन्तिम पृष्ठमा*

# उच्च शिक्षाबारे दुईदिने नीति कार्यशाला सम्पन्न, पारदर्शी र परिणाममुखी प्रणालीमा जोड

काठमाडौं, २४ साउन (रासस) ।

उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि नीतिगत तथा कानुनी सुधारसँगै विश्वविद्यालयमा सङ्काय भर्ना, विकास र पदोन्नति प्रणालीलाई पारदर्शी, समावेशी तथा परिणाममुखी बनाउनुपर्ने निष्कर्षसहित दुईदिने नीति कार्यशाला शनिबार सम्पन्न भएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयको आयोजनामा सिंहदरबारस्थित मन्त्रालयमा भएको 'विश्वविद्यालय सङ्काय भर्ना, विकास र पदोन्नतिः मिसन पङ्क्तिबद्धता, प्रोत्साहन र प्रभाव' विषयक कार्यशालामा राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय सेवा आयोग, विभिन्न विश्वविद्यालयका उपकुलपति, शिक्षाविद्, अनुसन्धानकर्ता, नीतिनिर्माता तथा विज्ञहरूको सहभागिता थियो ।

कार्यशालाले योग्य तथा दक्ष जनशक्तिलाई विश्वविद्यालयमा प्रवेश गराउनु विश्वविद्यालय सुधारको महत्त्वपूर्ण आधार भएको निष्कर्ष निकालेको छ । विश्वविद्यालयहरूले आफ्ना नीति तथा कानुनको समयानुकूल समीक्षा गर्दै प्रमाण र तथ्यमा आधारित निर्णय प्रणाली विकास गर्नुपर्नेमा सहभागी वक्ताहरूले जोड दिएका छन् ।

साथै, 'अनुसन्धान, शिक्षण, नवप्रवर्तन, अन्तर' विषयक सहकार्य तथा सामाजिक उत्तरदायित्वलाई समान रूपमा प्रोत्साहन गर्ने नीति आवश्यक रहेको औंल्याइएको छ । विश्वविद्यालयको ज्ञान उत्पादन, अनुसन्धान तथा सामुदायिक योगदानलाई प्रभावकारी बनाउन विद्यमान भर्ना तथा पदोन्नति प्रणालीको पुनरावलोकन गर्नुपर्नेमा पनि जोड दिइएको छ ।

कार्यशालाको पहिलो सत्रको समापन गर्दै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयहरूबीच असल अभ्यासको आदानप्रदान आवश्यक रहेको बताउनुभयो । उहाँले शिक्षक तथा कर्मचारी नियुक्ति प्रक्रिया पारदर्शी, निष्पक्ष र समान मापदण्डमा आधारित हुनुपर्नेमा जोड दिँदै विद्यार्थीमैत्री शैक्षिक वातावरण

*बाँकी तीन पृष्ठमा*

# हरेक वर्ष कोशीको बाढी र कटानको दोहोरो त्रासमा चिलिया टापु

सङ्गीता राई

सुनसरी, २४ साउन (रासस)।

"हामी यहाँ बसाइँ सरी आएको समयमा कोशी नदी धेरै टाढा बग्थ्यो। अहिले त बस्तीमै आइपुगेको छ", सुनसरीको बराहक्षेत्र नगरपालिका-६ स्थित श्रीलङ्का टापुका स्थानीय पदम राई भन्नुहुन्छ।

विसं २०७४ देखि सपरिवार यहाँ बसोबास गर्दै आउनुभएका राईले एक बिघा जमिनमा धान र मकैखेती गर्नुका साथै केही गाईभैंसी पालेर जीविकोपार्जन गर्दै आउनुभएको छ। वर्षभरि दुःख गरेर खेतीपाती गरेर आम्दानी गर्नुभन्दा पनि बर्सेनि नजिकिँदै आएको सप्तकोशीले उहाँलाई बढी चिन्तित बनाएको छ।

"हरेक वर्ष कटान बढ्दै गएको छ। अहिले हामी सबै मिलेर श्रमदान गर्दै बालुवा र सिमेन्टका बोरा भरेर किनार जोगाउने प्रयास गरिरहेका छौँ। तर ठूलो बाढी आयो भने यो प्रयासले मात्रै धान्न सक्दैन। यसले केही समयका लागि राहत त दिन्छ, तर यो स्थायी समाधान भने होइन", राई भन्नुहुन्छ।

वर्षभरको खेतीपाती र पशुपालनबाट परिवारको गुजारा चल्ने भए पनि प्रत्येक बर्खामा बाढी तथा कटानले सबै मिहिनेत बगाइदिने चिन्ता भने उस्तै रहने गरेको उहाँ सुनाउनुहुन्छ। हरेक वर्ष बर्खा सुरु भएसँगै देशभर बाढीपहिरो र डुबानका घटना दोहोरिन्छन्। अत्यधिक वर्षाले जनधनको ठूलो क्षति पुर्‍याउने क्रम निरन्तर छ। सुनसरी पनि बाढी र डुबानको उच्च जोखिम भएका ठाउँहरूमध्ये एक हो। बर्खायाममा सप्तकोशीसहित विभिन्न नदीमा आउने बाढीले बस्ती डुबानमा पार्ने, खेतीयोग्य जमिन बगाउने तथा सडक र पुलमा क्षति पुर्‍याउने क्रम हरेक वर्ष दोहोरिने गरेको छ। तर सप्तकोशी नदी किनारका बस्तीका लागि बाढीमात्र होइन, नदीको तीव्र कटान पनि उत्तिकै ठूलो चुनौती बनेको छ।

विशेषगरी बराहक्षेत्र नगरपालिका-६ र ९ स्थित चिलिया टापु, श्रीलङ्का टापुका बासिन्दा बर्सेनि बाढी र कटानको दोहोरो त्राससँगै जीवन बिताउन बाध्य छन्। बर्सेनि नदीले जमिन र बस्ती कटान गर्दै जोखिम बढाइरहे पनि यसको दीर्घकालीन समाधान अझै हुनसकेको छैन। बर्खा सुरु भएसँगै सुनसरी र उदयपुरको सिमानामा पर्ने चिलिया टापु जहाँ सप्तकोशीको बहाव बढेपछि चिलिया टापु तथा उदयपुरका बासिन्दाको चिन्ता पनि बढ्ने गर्छ। यस वर्ष पनि स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा नगर प्रहरी संयुक्त रूपमा श्रमदान गरेर अस्थायी तटबन्ध निर्माण गर्दै बस्ती जोगाउने प्रयासमा जुटेका छन्।

सप्तकोशी कटान नियन्त्रण समितिका अध्यक्ष जयकुमार माझीका अनुसार बर्सेनि बढ्दो कटानले चिलिया र श्रीलङ्का टापुको बस्ती उच्च जोखिममा पर्दै गएको छ। कटान नियन्त्रणका लागि यसअघि निर्माण गरिएका करिब १८ स्परमध्ये नौवटा पूर्ण रूपमा क्षतिग्रस्त भइसकेका छन् भने बाँकी स्पर नदीको कटानमा पर्दै गएको उहाँले बताउनुभयो।

"अहिले स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा बराहक्षेत्र नगरपालिका र उदयपुरको बेलका नगरपालिकाको समन्वयमा श्रमदान गरेर कटान रोक्ने प्रयास गरिरहेका छौँ। बाँस गाड्ने, नाइलनको डोरीले बाँधेर बालुवा भरिएका बोरा राख्नेजस्ता उपाय अपनाएका छौँ। तर यी अस्थायी उपायमात्र हुन्। दीर्घकालीन रूपमा बलियो तटबन्ध निर्माण र नदी व्यवस्थापनबिना समस्या समाधान हुँदैन", माझी भन्नुहुन्छ।

बेलका नगरपालिकाका प्रमुख अशोक कार्कीले चिलिया र श्रीलङ्का टापुमा भइरहेको कटान नियन्त्रणका लागि विभिन्न सरोकारवाला निकायसँग समन्वय गरेर अस्थायी तटबन्ध निर्माण गरिएको बताउनुभयो। कोशी बक्राहा नदी नियन्त्रण आयोजनामार्फत पहिलो चरणमा पाँच हजार ५०० थान बोरा र ७० थान डोरीजाली उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो।

सप्तकोशीले धार परिवर्तन गरेर बनाएको चिलिया टापु अहिले पनि हजारौँ मानिसको आश्रयस्थल हो। बराहक्षेत्र नगरपालिका-६ र ९ तथा उदयपुरको बेलका नगरपालिका-१, २ र ३ मा फैलिएको यस क्षेत्रमा हरेक बर्खासँगै नदीको बहाव बढ्ने गर्छ। यस वर्ष पनि चिलिया र गरैया क्षेत्रमा नदीले तीव्र कटान थालेपछि सयौँ परिवार फेरि त्रासमा बाँचिरहेका छन्।

बेलका नगरका प्रमुख कार्कीका अनुसार अहिले करिब ६०० घरपरिवार प्रत्यक्ष जोखिममा छन्। बेलका-८ क्षेत्रमा गरिएको संरक्षण कार्यले केही राहत दिएको भए पनि तल्लो तटीय क्षेत्रमा नदीको कटान अझै रोकिएको छैन। सप्तकोशीले विस्तारै धार पश्चिमतर्फ मोड्ने सङ्केत देखिएको छ, जहाँ बाक्लो मानव बस्ती रहेकाले जोखिम झन् बढ्दै गएको उहाँको भनाइ छ।

गत वर्ष कटान रोक्ने उद्देश्यले निर्माण गरिएका तारजालीयुक्त संरचनासमेत अहिले नदीको बहावमा डुब्न थालेका छन्। स्थानीय भीम राईका अनुसार असारदेखि सुरु भएको कटान अब झन् बढ्दै जाने खतरा बढेको छ। बलौटे माटो भएकाले दैनिक रूपमा जमिन बगाइरहेको छ भने संरक्षणका लागि राखिएका ढुङ्गा र तारजालीसमेत नदीले बगाउँदै लगेको छ।

बर्खा सुरु भएपछि यहाँका बासिन्दाले बाढीभन्दा बढी कटानको त्रास भोग्दै आएका छन्। बर्सेनि खेतीयोग्य जमिन साँघुरिँदै जानु, घर नजिकै नदी आइपुग्नु र आवश्यक पर्दा बस्ती नै छाडेर हिँड्नुपर्ने अवस्था दोहोरिँदा यहाँका नागरिकका लागि बर्खायाम प्राकृतिक मौसम नभई अस्तित्व जोगाउने सङ्घर्ष नै बनेको छ।

बराहक्षेत्र नगरप्रमुख रमेश कार्कीका अनुसार चिलिया टापुमा भइरहेको कटान रोक्न नगरपालिकाले आफ्नो क्षमताअनुसार आवश्यक सबै स्रोतसाधन परिचालन गरेको छ। कटान प्रभावित क्षेत्रमा जेसिभी, ट्याक्टर, बालुवा ढुवानीका साधन, जाली, बोरा, सिमेन्टलगायत आवश्यक सामग्री उपलब्ध गराएर स्थानीय र सुरक्षा निकायसँग समन्वय गरी तटबन्ध निर्माण तथा कटान नियन्त्रणको काम भइरहेको छ।

नगरप्रमुख कार्कीले भन्नुभयो, "कोशीको कटान यहाँको मात्र समस्या नभई राष्ट्रिय सरोकारको विषय हो। नगरपालिकाको सीमित बजेट र स्रोत साधनले बर्सेनि दोहोरिने कटानको स्थायी समाधान सम्भव छैन। हामीले आफ्नोतर्फबाट गर्न सकिने सबै प्रयास गरिरहेका छौँ, तर सप्तकोशीजस्तो शक्तिशाली नदी नियन्त्रणका लागि वैज्ञानिक अध्ययनका आधारमा दीर्घकालीन संरचना निर्माण गर्न आवश्यक छ।"

गत वर्ष निर्माण गरिएका स्परसमेत ठूलो बाढीले बगाएको छ। स्परमात्र बनाएर पुग्दैन, उपयुक्त स्थानमा ड्याम, नोच तथा अन्य नदी नियन्त्रणका संरचना निर्माण गर्न सकियो भने कटान धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ। त्यसका लागि सङ्घीय सरकारले पर्याप्त बजेट विनियोजन गरी दीर्घकालीन योजना कार्यान्वयन गर्नु आवश्यक रहेको नगरप्रमुख कार्कीको भनाइ छ।

यदि कटान बढ्दै गएर बस्तीमा बाढी पस्यो भने ठूलो धनजनको क्षति हुनसक्छ, दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारको सहयोग, पर्याप्त बजेट र आवश्यक परे छिमेकी मुलुकसँग कूटनीतिक पहल पनि आवश्यक रहेको उहाँको भनाइ छ। "यस विषयमा मन्त्रीहरूसँग बसेर विस्तृत छलफल गर्ने इच्छा छ। पटकपटक काठमाडौँ गए पनि

*बाँकी अन्तिम पृष्ठमा*

*उच्च शिक्षाबार ...*

निर्माण र विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनुपर्ने उल्लेख गर्नुभयो।

कार्यशालाको दोस्रो सत्रका समापन गर्दै शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले उच्च शिक्षा सुधारका लागि नीति कार्यशाला महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले विश्वविद्यालय र मन्त्रालयबीचको दूरी कम गर्दै नीतिनिर्माण तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा एकरूपता कायम गर्न कार्यशालाले सहयोग पुग्ने बताउनुभयो।

राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गानाले उच्च शिक्षा सुधारका लागि नीति कार्यशाला सान्दर्भिक रहेको बताउनुभयो। विश्वविद्यालयका पदाधिकारी तथा नीतिनिर्माता एकै ठाउँमा बसेर उच्च शिक्षाको राष्ट्रिय रणनीति तय गर्नुपर्ने र युवालाई स्वदेशमै बस्ने वातावरण निर्माण गर्न सबै पक्षले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो।

आयोगका अर्का सदस्य प्राडा सुदन झाले विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिसँगै शैक्षिक 'क्यालेन्डर'को प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा खड्गबहादुर केसीले नीतिनिर्माण तथा विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा कार्यशालाले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। स्थापित मापदण्डका आधारमा विश्वविद्यालयमा उत्कृष्टता कायम गर्न सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने उहाँको भनाइ थियो।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष किशोर थापाले उच्च शिक्षाको गुणस्तर र नीतिगत सुधारका लागि विश्वविद्यालयहरूले मन्त्रालयसँगको सम्बन्ध थप सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो।

शिक्षा मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख एवं सहसचिव श्रीप्रसाद भट्टराईले विविधतासहितको व्यवस्थापनले विश्वविद्यालयलाई विश्वप्रतिस्पर्धी बनाउन सहयोग पुग्ने बताउनुभयो। अन्तरविश्वविद्यालय सिकाइ आदानप्रदान तथा असल अभ्यासको साझेदारीबाट उच्च शिक्षा थप प्रतिस्पर्धी र अनुसन्धान केन्द्रित बन्ने उहाँले उल्लेख गर्नुभयो।

कार्यशालामा उत्कृष्ट अभ्यासको पहिचान, संस्थागत मिसनसँग मेल खाने प्रोत्साहन प्रणालीको विकास, अन्तरविश्वविद्यालय अनुभव आदानप्रदान तथा उच्च शिक्षामा दीर्घकालीन नीति सुधारका सम्भावनाबारे छलफल भएको थियो।

कार्यशालामा अमेरिकास्थित स्टोनी ब्रुक विश्वविद्यालयका प्राध्यापक श्याम शर्मा मुख्य सहजकर्ताका रूपमा सहभागी हुनुहुन्थ्यो। अनुसन्धान विभाग प्रमुख दीपककुमार खड्का, प्राध्यापक अजय भट्टराई, सुरेन्द्र सुवेदी, डा रेश्मा तुलाधर, स्मृति कला पन्त र रोशी लामिछानेले विषयगत सहजीकरण गर्नुभएको थियो।

कार्यशालामा विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय तथा कृषि तथा वन विश्वविद्यालयका उपकुलपति, प्राध्यापक तथा नीति विज्ञहरूको सहभागिता थियो।

## विश्व समाचार

### आङ सान सुकीको रिहाइसम्बन्धी आसियानको आह्वान म्यानमाद्वारा अस्वीकार

बैङ्कक, २४ साउन (रासस/एपी)।

म्यानमाको सैन्य समर्थित सरकारले नजरबन्दमा रहेकी पूर्वनेतृ आङ सान सुकीको पूर्ण तथा निःशर्त रिहाइका लागि दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान)ले गरेको आह्वान अस्वीकार गरेको छ।

म्यानमाको विदेश मन्त्रालयले आसियानको विशेष दूतको आवश्यकता पनि नरहेको जनाएको छ। राष्ट्रपति मिन आङ ह्लाइङले सन् २०२१ मा सुकी नेतृत्वको निर्वाचित सरकारबाट सत्ता कब्जा गरेपछि म्यानमाले आसियानसँग सम्बन्ध सुधार गर्ने प्रयास गर्दै आएको छ।

आसियानले सन् २०२१ मा म्यानमामा हिंसा अन्त्य गरी सम्बन्धित पक्षबीच संवाद सुरु गराउने उद्देश्यले पाँचबुँदे सहमति गरेको थियो। विशेष दूतमार्फत उक्त सहमति कार्यान्वयन गराउने प्रयास भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै मिन आङ ह्लाइङलाई आसियानका उच्चस्तरीय बैठकमा सहभागी हुन रोक लगाइएको छ।

यसैबीच, म्यानमा सरकारले गत साता अन्तरराष्ट्रिय रेडक्रस समितिका प्रतिनिधिलाई सुकीसँग भेट गर्न अनुमति दिएको थियो। सन् २०२१ मा नजरबन्दमा राखिएयता कुनै स्वतन्त्र अन्तरराष्ट्रिय मानवीय संस्थाका प्रतिनिधिले सुकीलाई भेटेको यो पहिलो ज्ञात घटना हो।

एकासी वर्षीया सुकीले राजधानी नेपितावमा अज्ञात स्थानमा घरमै नजरबन्दको सजाय भोगिरहनुभएको छ। उहाँमाथिका मुद्दा राजनीतिक उद्देश्यबाट प्रेरित रहेको उहाँका समर्थक तथा मानवअधिकारवादी संस्थाहरूले बताउँदै आएका छन्।

आसियानको वर्तमान अध्यक्ष फिलिपिन्सले शुक्रबारको बैठकपछि म्यानमामा संवाद र मेलमिलापको प्रयासलाई स्वागत गर्दै राजनीतिक बन्दीलाई थप पहुँच दिन आग्रह गरेको थियो। फिलिपिन्सले सुकीको पूर्ण तथा निःशर्त रिहाइको माग पनि दोहोर्‍याएको थियो।

म्यानमाको विदेश मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा भने सरकारले मानवीय आधारमा सुकीको सजाय घटाएको भए पनि पूर्ण तथा निःशर्त रिहाइ कानुनअनुसार मात्र हुने बताएको छ।

विज्ञप्तिमा आसियानका वर्तमान विशेष दूत तथा फिलिपिन्सका विदेशमन्त्री मारिया थेरेसा लाजारोसँग सहकार्य जारी राख्ने उल्लेख गर्दै आगामी जनवरी १ देखि सिङ्गापुरले आसियानको अध्यक्षता सम्हालेपछि पनि विशेष दूतको आवश्यकता नरहेको सङ्केत गरिएको छ।

म्यानमा सरकारले हाल जनताको वास्तविक इच्छाअनुसार बहुदलीय निर्वाचनबाट सरकार गठन भएको दाबी गरेको छ। तर आलोचकहरूले गत डिसेम्बर र जनवरीमा भएको निर्वाचनलाई नागरिक शासन पुनःस्थापनाको नाममा सेनाको सत्ता नियन्त्रणलाई वैधता दिने प्रयासका रूपमा आलोचना गरेका छन्।

सन् २०२१ मा सत्ता कब्जा गरेपछि म्यानमामा सैन्य शासनविरुद्ध सशस्त्र विद्रोह र द्वन्द्व जारी छ।

### टाइफुन 'डल्फिन'को तयारीमा चीन, साङ्घाईमा एक हजार ३०० उडान रद्द

बेइजिङ, २४ साउन (रासस/एपी)।

टाइफुन 'डल्फिन' पूर्वी चीनतर्फ अघि बढेपछि साङ्घाईका दुई प्रमुख विमानस्थलले आइतबार एक हजार ३०० भन्दा बढी उडान रद्द गरेका छन्। आँधीको जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले प्रभावित क्षेत्रबाट चार लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारेका छन्।

आँधीको बाहिरी घेराले शनिबार ताइवानको उत्तरी क्षेत्रमा भारी वर्षा गराएको थियो। ताइवानका केही वायुसेवा कम्पनीले पनि आइतबार चीनतर्फका उडान रद्द गरेका छन्।

आइतबार बिहान आँधीको अधिकतम निरन्तर हावाको गति प्रतिघण्टा करिब १६२ किलोमिटर रहेको अनुमान गरिएको थियो। आँधीका कारण भारी वर्षा भइरहेको र बाढी तथा पहिरोको जोखिम बढेको अधिकारीहरूले बताएका छन्।

आँधी आइतबार अबेर झेजियाङ प्रान्त तथा छिमेकी फुजियान प्रान्तको उत्तरी क्षेत्रमा पुग्ने अनुमान गरिएको छ। मौसमविद्हरूले आगामी केही दिनमा ती क्षेत्रमा २०० देखि ४०० मिलिमिटरसम्म वर्षा हुन सक्ने पूर्वानुमान गरेका छन्।

साङ्घाईको होङकियाओ र पुडोङ विमानस्थलले आइतबारका लागि निर्धारित करिब ६० प्रतिशत उडान रद्द गरेका छन्।

झेजियाङको ताइझोउ सहरबाट शनिबार साँझसम्म करिब तीन लाख ९० हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो। साङ्घाईका जोखिमयुक्त क्षेत्रबाट पनि ३० हजारभन्दा बढी मानिसलाई अन्यत्र स्थानान्तरण गरिएको छ।

झेजियाङका अधिकारीहरूले फेरी, क्रुजलगायत जलयातायातका सबै गतिविधि स्थगित गरेका छन्। अधिकारीहरूले सम्भावित बाढी र पहिरोबाट जोगिन उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्।

# दलित समुदायका थर सूचीकरण गर्नुअघि मन्त्रालयद्वारा सुझाव माग

काठमाडौँ, २४ साउन (रासस) । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले राष्ट्रिय दलित आयोगबाट सिफारिस भएका थरहरूको सूची सार्वजनिक गरी सरोकार भएका निकायका प्रतिनिधि तथा नागरिकसँग रायसुझाव र प्रतिक्रिया माग गरेको छ ।

राष्ट्रिय दलित आयोगले प्रचलित कानुनबमोजिम दलित समुदायका थरहरू सूचीकरणका लागि सिफारिससहित मन्त्रालयमा विवरण पठाएको थियो । उक्त सिफारिसका आधारमा थरहरू सूचीकरण गर्नुअघि सम्बन्धित समुदाय, सरोकार भएका व्यक्ति तथा सङ्घसंस्था, विज्ञ र आमनागरिकबाट सुझाव लिन मन्त्रालयले सूची सार्वजनिक गरेको हो ।

मन्त्रिपरिषद्बाट सूचीकरणसम्बन्धी निर्णय हुनुअघि थप सुझाव तथा प्रतिक्रिया समेट्ने उद्देश्यले मन्त्री सीता बादीको निर्देशनमा आयोगबाट सिफारिस भएका थरहरूको विवरण सार्वजनिक गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले आफ्नो वेबसाइटमार्फत सिफारिस भएका थरहरूको सूची सार्वजनिक गर्दै दुई दिनभित्र कुनै राय, सुझाव वा प्रतिक्रिया भए उपलब्ध गराउन अनुरोध गरेको छ ।

सुझाव तथा प्रतिक्रिया मन्त्रालयको ष्लायरुयधअनककानयखालउ, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री बादी तथा सचिवालयको इमेलमार्फत पठाउन सकिने मन्त्रालयले जनाएको छ । मन्त्रालयले प्राप्त हुने रायसुझाव तथा प्रतिक्रियालाई आवश्यकताअनुसार अध्ययन गरी सूचीकरणसम्बन्धी आगामी प्रक्रियामा समेटिने जनाएको छ ।

# अधिकार र पहिचान संरक्षणमा जोड

काठमाडौँ, २४ साउन (रासस) । विश्वका आदिवासी जनजातिको अधिकार, पहिचान, संस्कृति र जीवनपद्धतिको संरक्षण तथा उनीहरूका समस्याबारे विश्वव्यापी चेतना अभिवृद्धि गर्ने उद्देश्यले आइतबार विश्वका विभिन्न मुलुकमा विश्व आदिवासी दिवस विविध कार्यक्रमका साथ मनाइएको छ ।

सन् १९९४ डिसेम्बर २३ मा संयुक्त राष्ट्रसङ्घको महासभाले हरेक वर्ष अगस्ट ९ लाई विश्व आदिवासी दिवसका रूपमा मनाउने निर्णय गरेको हो । सन् १९८२ मा जेनेभामा संयुक्त राष्ट्रसङ्घको आदिवासी जनसङ्ख्यासम्बन्धी कार्यसमूहको पहिलो बैठक अगस्ट ९ मा भएकाले सोही दिनलाई दिवसका रूपमा छनोट गरिएको हो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वका ९० देशमा करिब ४७ करोड ६० लाख आदिवासी जनजाति बसोबास गर्छन् । उनीहरू विश्वको कुल जनसङ्ख्याको छ प्रतिशतभन्दा कम भए पनि विश्वका सबैभन्दा गरिबमध्ये कम्तीमा १५ प्रतिशत आदिवासी समुदायका छन् । उनीहरूले विश्वमा बोलिने अनुमानित सात हजार भाषामध्ये ठूलो बहुमत भाषा बोल्छन् र करिब पाँच हजार फरक संस्कृति प्रतिनिधित्व गर्छन् ।

आदिवासी जनजाति समुदायले विशिष्ट संस्कृति, परम्परा तथा मानिस र प्रकृतिबीचको सम्बन्धसम्बन्धी आफ्नै ज्ञान र अभ्यासलाई पुस्तौँदेखि संरक्षण गर्दै आएका छन्। उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक विशेषता आफू बसोबास गर्ने बहुसङ्ख्यक समुदायभन्दा पृथक छन् ।

पहिचान, परम्परागत जीवनपद्धति तथा पुर्ख्यौली भूमि, क्षेत्र र प्राकृतिक स्रोतसाधनमाथिको अधिकारको मान्यताका लागि आदिवासी समुदायले लामो समयदेखि संघर्ष गर्दै आएका छन् । इतिहासका विभिन्न कालखण्डमा उनीहरूको अधिकार उल्लङ्घन हुँदै आएको र आज पनि उनीहरू विश्वका सबैभन्दा पछाडि पारिएका तथा जोखिममा रहेका समुदायमध्ये रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

आदिवासी जनजातिको अधिकार संरक्षण र उनीहरूको विशिष्ट संस्कृति तथा जीवनपद्धतिको निरन्तरताका लागि विशेष उपाय आवश्यक रहेको अन्तरराष्ट्रिय समुदायले स्वीकार गर्दै आएको छ । दिवसका अवसरमा आदिवासी जनजातिको अधिकार, संस्कृति, भाषा, परम्परागत ज्ञान तथा प्राकृतिक स्रोतसँगको सम्बन्धको संरक्षणका साथै उनीहरूको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागितामा जोड दिइन्छ ।

यो दिवसले विश्वभरका आदिवासी जनजातिको योगदान र उनीहरूले भोगिरहेका चुनौतीप्रति ध्यानाकर्षण गराउँदै उनीहरूको अधिकार तथा सम्मान सुनिश्चित गर्न सरकार, नागरिक समाज र अन्तरराष्ट्रिय समुदायलाई प्रतिबद्ध हुन आह्वान गर्ने अवसर दिएको छ ।

### *जकडिएका समस्याको ...*

पनि मन्त्रालयको सचिवालयमार्फत निरन्तर संवाद भइरहेको मन्त्रालयले जनाएको छ ।

**संवादलाई पहिलो प्राथमिकता**

शिक्षामन्त्री पोखरेलले मन्त्रालयले आन्दोलनलाई अन्तिम विकल्पका रूपमा नभई संवादलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभएको छ । उहाँका अनुसार शिक्षा तथा चिकित्सा शिक्षा क्षेत्रमा वर्षौंदेखि थुप्रिएका समस्या एकैपटक समाधान गर्न सम्भव नभए पनि क्रमिक रूपमा नीतिगत तथा संरचनागत सुधारका काम अघि बढिरहेका छन् ।

कानुनी जटिलता, नीतिगत अस्पष्टता र विभिन्न निकायबीचको समन्वय अभावका कारण कतिपय निर्णय कार्यान्वयनमा ढिलाइ हुँदै आएको मन्त्रालयले जनाएको छ । अहिले अन्तरमन्त्रालय समन्वय, सरोकारवालासँग नियमित छलफल तथा सचिवालयको सक्रिय पहलमार्फत ती समस्या समाधान गर्ने प्रयास भइरहेको छ ।

पछिल्लो समय शिक्षामन्त्री पोखरेलले विश्वविद्यालयका पदाधिकारी, सामुदायिक विद्यालयका प्रधानाध्यापक, शैक्षिक परामर्श संस्थाका प्रतिनिधि, मानसिक स्वास्थ्य क्षेत्रका विज्ञ, सञ्चारमाध्यमका प्रमुख, शिक्षा बिटका पत्रकार तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग छुट्टाछुट्टै छलफल गर्दै शिक्षा सुधारका एजेन्डामा सुझाव सङ्कलन गरिरहनुभएको छ । मन्त्रालयले शिक्षा तथा खेलकुद क्षेत्रका समस्या वार्ता, संवाद र सहमतिका माध्यमबाट समाधान गर्दै नीतिगत तथा संरचनागत सुधारलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

### *भ्रष्टाचारमा दोषी ...*

कारागारमा नरहे पनि ज्येष्ठ नागरिकले कैद छुट पाउन सक्ने राय राख्नुभएको थियो। तर न्यायाधीश रावलले भने कैद छुटका लागि पहिले कारागारमा बसेर निवेदन दिनुपर्ने मत राख्नुभएको थियो । दुई न्यायाधीशको बहुमतका आधारमा जोशीलाई जेल नबसी कैद भुक्तान गर्न पाउने आदेश भएको हो ।

सर्वोच्च अदालतले २०८१ साउन १३ गते जोशीलाई ९ महिना कैद र ६९ लाख २६ हजार २३८ रुपैयाँ जरिवाना सुनाएको थियो। यसअघि विशेष अदालतले २०६९ साउन १० गते उनलाई १ वर्ष ६ महिना कैद तथा २ करोड १६ लाख १४ हजार ३७६ रुपैयाँ ४१ पैसा जरिवाना तोकेको थियो ।

विशेष अदालतको फैसला पुनरावलोकन गर्दै सर्वोच्चले कैद र जरिवाना दुवै घटाएको थियो । जोशीले अनुसन्धानका क्रममा भोगिसकेको ३ महिना १७ दिनको थुनासमेत समायोजन हुने र ज्येष्ठ नागरिकका रूपमा बाँकी कैदमा छुट पाएपछि अब उनले कारागार गएर थप कैद भुक्तान गर्नुपर्ने छैन । एबिसी न्यूजबाट

# ‘जनकपुरधाममा पर्यटकलाई टिकाइराख्न आवश्यक संरचना निर्माण गरिने’

जनकपुरधाम, २४ साउन (रासस) । मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधाम आउने पर्यटकलाई टिकाइराख्न आवश्यक पर्यटन संरचना निर्माण गरिने बताउनुभएको छ ।

जनकपुरधामस्थित श्रीराम युवा समितिको नवनिर्वाचित पदाधिकारीहरूको आइतबार शपथग्रहण तथा पद हस्तान्तरण कार्यक्रममा मुख्यमन्त्री यादवले जनकपुरधाम धार्मिक र पर्यटन दृष्टिकोणले अत्यन्त सम्भावनायुक्त सहर भएकाले यहाँका धार्मिक तथा पुरातात्विक सम्पदाको स्तरोन्नति गरी नमूना पर्यटकीय सहरका रूपमा विकास गर्न आवश्यक संरचना निर्माण गरिने बताउनुभयो ।

जनकपुरधामलाई सफा, हराभरा र व्यवस्थित पर्यटकीय सहर बनाउन प्रदेश सरकारको साथ, सहयोग र प्रतिबद्धता रहने उहाँले स्पष्ट पार्नुभयो । मुख्यमन्त्री यादवले जनकपुरधाममा निर्माणाधीन रामजानकी अन्तरराष्ट्रिय रङ्गशाला सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको उल्लेख गर्दै पर्यटकको आकर्षण बढाउन रामजानकी विवाह मण्डपको स्तरोन्नतिको कामसमेत अगाडि बढाइएको जानकारी दिनुभयो ।

जनकपुरधाममा रामायण स्पिरिचुअल पार्क निर्माणका लागि प्रक्रिया अघि बढाइएको बताउनुहुँदै मुख्यमन्त्री यादवले पछिल्लो समय जनकपुरधाममा पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको महागङ्गा आरतीलाई अझ भव्य र व्यवस्थित बनाउने योजना पनि प्रदेश सरकारले अघि सारेको बताउनुभयो । उहाँले जनकपुरधाम पहिलेको तुलनामा फराकिलो र सफा देखिन थालेको उल्लेख गर्नुहुँदै यसलाई अझ स्वच्छ, हराभरा तथा पर्यटकमैत्री बनाउन प्रदेश सरकारले निरन्तर सहयोग गर्ने बताउनुभयो ।

कार्यक्रममा मधेस प्रदेशसभा सदस्य दीपेन्द्र ठाकुरले जनकपुरधामको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षणमा स्थानीय क्लब र संस्थाहरूको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । जनकपुरधामको विकासका लागि राजनीतिक आस्थाभन्दा माथि उठेर एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुहुँदै उहाँले जनकपुरधाममा रहेको ५२ कट्ठा ७२ धुर क्षेत्रफलको संरक्षण तथा संवर्द्धनका लागि प्रदेश सरकारले विशेष बजेट विनियोजन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षणमा सबै पक्ष जुट्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

श्रीराम युवा समितिका नवनिर्वाचित अध्यक्ष विजयकुमार साहको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा प्रदेशसभा सदस्य तथा मधेस प्रदेश सरकारका पूर्वमन्त्री वीरेन्द्र सिंह, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहलगायतले नवनिर्वाचित समितिका पदाधिकारीलाई शुभकामना दिनुभएको थियो ।

### *हरेक वर्ष कोशीको ...*

सम्बन्धित मन्त्रीहरूसँग भेटेर समस्या राख्ने अवसर पाउन सकेको छैन", उहाँले भन्नुभयो ।

करिब तीन हजार जनसङ्ख्या रहेको यस क्षेत्रमा अधिकांश परिवारको जीविकोपार्जन कृषि र पशुपालनमा आधारित छ । धान, मकै, तरकारीखेती, पशुपालन तथा दुग्ध उत्पादन यहाँको ग्रामीण अर्थतन्त्रको मुख्य आधार हो । प्रत्येक बर्खामा बाढी र कटानको जोखिमसँग जुध्दै स्थानीयले श्रमदान गरेर अस्थायी तटबन्ध र सामूहिक पहलमार्फत बस्ती र खेतीयोग्य जमिन जोगाउने प्रयास गर्दै आएका छन् । तर यस्ता प्रयासले तत्काल केही राहत दिए पनि दीर्घकालीन समाधान दिनसकेको छैन ।

### *नियमित कोटाको ...*

प्रादेशिक कार्यालयबाट मल ढुवानी भएसँगै जिल्लामा स्थानीय तहहरूको सिफारिसअनुसार मलको वितरण सुरु गरिएको हो ।

मलको वितरणसँगै जिल्लामा केही समय अघिसम्म रहेको मलको अभाव विस्तारै हट्दै गएको छ । साउनको दोस्रो साता थप युरिया र डिएपी मल प्राप्त भएकाले मलको अभाव हटेको उहाँको भनाइ छ । उहाँका अनुसार कृषि सामग्री कम्पनी लिमिटेड, जनकपुरधाम धनुषामा हाल २ दशमलव ६ मेट्रिक टन युरिया मौज्दात रहेको छ । सुनसरी र सिरहाको घटनापश्चात् स्थानीय प्रशासनहरूले जारी गरेको कर्फ्यु र निषेधाज्ञाका कारण केही दिन मलको ढुवानी हुन नसक्दा केही समस्या भए पनि विस्तारै ढुवानी सुरु भइसकेकोले मल सहज भएको उहाँले बताउनुभयो ।

# संविधान संशोधन गरेर आदिवासी, जनजाति अल्पसंख्यक र सीमान्तकृतका हकहितका विषय समेटिनुपर्छ : नेता आङ्देम्बे

काठमाडौँ, २४ साउन (रासस) । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संविधान संशोधन गरेर आदिवासी जनजाति, अल्पसङ्ख्यक र सीमान्तकृतका हकहितका विषय समेटिनुपर्ने बताउनुभएको छ ।

बत्तीसौँ विश्व आदिवासी दिवसका अवसरमा नेपाल आदिवासी जनजाति महासङ्घ, सङ्घीय परिषद् सचिवालयद्वारा आइतबार काठमाडौँको टुँडिखेलस्थित खुलामञ्चमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै नेता आङ्देम्बेले संविधान संशोधनका लागि सरकारले बनाएको समितिप्रति भने कांग्रेसको असहमति रहेको जानकारी दिनुभयो । विभिन्न जातजातिका नाच, झाँकी नेपालका मौलिक संस्कृति भएकाले यसलाई बचाइराख्नुपर्ने उहाँको भनाइ थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले नेपालको शक्ति विविधतामा भएकाले त्यसलाई सहिष्णुता र सामाजिक सद्भावका रुपमा बचाइराख्नुपर्ने बताउनुभयो । नेपालको मौलिक पहिचानका रुपमा रहेको भाषिक, धार्मिक र सांस्कृतिक विविधतालाई विभिन्न जातका फूलबारीका रुपमा विकास गरिनुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ महानगरपालिकाका कार्यवाहक नगर प्रमुख सुनिता डङ्गोलले आदिवासी जनजातिलाई सामुदायिक विकासका रुपमा अघि बढाउनुपर्ने बताउनुभयो । आदिवासी जनजातिको मौलिक संस्कृतिको संरक्षण र पुस्तान्तरणमा काम गरिनुपर्ने उहाँको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता पृथ्वीसुब्बा गुरुङले आदिवासीका विषयलाई अन्तराष्ट्रीयकरण गर्नुपर्ने बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता सुरेश आलेमगरले आदिवासी जनजातिको हितका लागि काम गर्ने उद्देश्यले स्थापित महासङ्घले सीमान्तकृत आदिवासी जनजातिका विषय उठाउँदै आएको बताउनुभयो ।

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) का नेपालस्थित प्रतिनिधि ज्याको डु टोइटले नेपालको प्रकृति, संस्कृति, सम्पदाको संरक्षणमा आदिवासी जनजातिको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । विश्वसम्पदा संरक्षणमा पनि पनि आदिवासी जनजातिले खेलेको भूमिका महत्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

महासङ्घका अध्यक्ष निमा लामा ह्योल्मोले अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) महासन्धिलाई नेपालले हस्ताक्षर गरेको १९ वर्ष पूरा भए पनि अझै नेपालले कानुन नबनाएकाले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*